## बेलका नगरपालिका, रामपुर, उदयपुर

# बजेट, नीति तथा कार्यक्रम

## आ.व. २०७८/०७९

gu/ ;efaf6 :jLs[t ldlt M @)&*÷)#÷#)

# विषय सूची

# मन्तब्य



हामीले तपाईहरुको समेत सहयोग र सम्पूर्ण नगर सभाका सदस्यहरुको प्रत्यक्ष अभिमतवाट यो चालु आर्थिक वर्ष २०७८/०७९ को निती कार्यक्रम र बजेटको संगालो प्रकाशित गर्न सफल भएका छौ । यो पुस्तक बेलका नगरले चालु आर्थिक वर्षमा गर्ने कार्यक्रमको र नगरको आत्मगत अवस्थाको एक जिवन्त ऐना हो ।

यसमा बेलकामा कार्यरत राजनितिक दलहरुका सुझावहरु, जनप्रतिनिधिले निर्वाचनताका प्रस्तुत गरेका घोषणा पत्रहरु स्पष्टरुपमा अनुवादित भएर आएका छन् ।

हाम्रो नगरको पंचपर्षिय योजनाको मूल भाव **"सम्मानित जिवन, समावेशी पूर्वाधार, समाजवाद उन्मुख समृद्ध बेलका नगर"** भन्ने झल्किएको छ । भने यस वर्षको **"उत्पादनमा सर्मथन, पूवाधार प्रर्वधन"** भन्ने नारको झल्को समाहित भएको छ । सहभागिता मूलक योजना तर्जुमा अवलम्बन गरेर वर्ष भरिमा नगरले सम्पादन गर्ने कार्यक्रमहरुलाई क्यालेण्डर नै वनाएर प्रस्तुत गरिएको छ ।

बेलका नगरलाई राष्ट्रिय लक्ष **"सुखी नेपाली सम्वृद्ध नेपाल"** बनाउने पुनित सपना साकार पार्ने अनेक प्रयास पनि परिएको छ । सिमित श्रोत र साधनको अधिकतम परिचालन गर्ने सबै शक्ति संरचनाहरुसँग साझेदारी गर्ने समावेशी विकासको अवधारणा आत्मासात गर्ने र गरीवमुखी नितीको अङ्गिकार गर्दै लक्ष हाँसिल गर्ने मुख्य रणनीति अवलम्बन गरिएको छ । विगतमा थालिएका महत्वपुर्ण योजनाहरु क्रमशः सम्पन्न गर्दै जाने प्रयास गरिएको छ । नगर नागरिक साझेदारी प्रयासबाट अक्सिजन प्लान्ट लगायत अन्य सार्वजनिक विकास निर्माण गर्ने अहम लक्ष्यहरु पुरै गदै जाने निती लिईएको छ ।

जनतालाई जमिनको मालिक बनाउन अवस्थित बसोवासलाई व्यवस्थित बनाउने भूमिहिन दलित, सुकुम्बासीको लागि जमिन प्रदान गर्ने माहान अभियान जारी छ । यस सभाबाट बेलका नगरका घोषित गौरव योजनाहरु र बेलकाले घोषणा गरेका पर्यटकीय स्थलहरु पनि समावेश गरिएको छ । जम्मा रु. ७३०९७६७९८ को बजेटले सामाजिक, आर्थिक विकास संस्थागत विकास सेवा प्रवाह र सुसासन पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रलाई समेटेको छ ।

यस नगरले नेपालको संविधानको कार्यन्वयन गर्दै बेलका ६ र ७ लार्य किराँत प्रास्था केन्द्र घोषणा गरेको छ भने बेलका १, २ र ३ वडालाई थारु विषेश क्षेत्र दलितहरुको घना बसोवास भएका क्षेत्रलाई दलित संरक्षित क्षेत्र मगर ,तामाङ्ग, थामी आदी क्षेत्रलाई विषेश क्षेत्र घोषणा गरिएको छ । यसै गरी नगर गौरवका योजना र पर्यटन विकास क्षेत्र समेत घोषणा गरेर संविधानलाई कार्यन्वयन गर्ने जमर्को गरिएको छ ।

यसमा रहेको नितीले बेलकाको एकिकृत विकासको ढोका खोल्ने हामीले विस्वास गरेका छौं । बेलकाको विकास प्रकृयामा साथ सहयोग गर्ने तमाम कार्यक्रम सहयोगी एकाईका सदस्य संघ संस्था संघिय र प्रदेश सरकार, विभिन्न व्यक्ति र दाताहरु सबै प्रति र बेलका नगरका प्रमुख प्रशासकीय अधिकृत अर्जुन निरौलाको प्रशासनीक टीम र उपमेयर राजकुमारी चौधरी लगायत सबै नगर सभाका सदस्य प्रति कृतज्ञता ज्ञापन गर्दछौं ।

धन्यवाद !

.....................................

दुर्गा कुमार थापा
नगर प्रमुख
बेलका नगर कार्यपालिकाको कार्यालय, रामपुर उदयपुर

**३० असार, २०७८**

# शुभ-कामना



वेलका नगरपालिकाको चौथो नगरसभामा प्रस्तुत भएका र उक्त सभा मार्फत स्वीकृत वेलका नगरपालिकाको बजेट, नीति तथा कार्यक्रमलाई समेटेर यो वार्षिक नगर विकास योजना पूस्तिका प्रकाशन गरेको छ ।

चालु आ.व.२०७८/०७९ लाई नगरपालिकाले उत्पादन आधार कृषि, पशु, उद्योग र पर्यटन जस्ता आर्थिक विकासका कार्यलाई प्राथमिकतामा राखी आयोजना सञ्चालन गरेको छ, यस आ.व.मा नगरपालिकाले **"उत्पादनमा सर्मथन : पूवाधार प्रर्वधन"** भन्ने नाराका साथ उत्पादनको पहिलो वर्ष हरियाली बेकला संग सम्बन्धित कार्यक्रमलाई प्राथमिकता दिई उत्पादन वृद्धिको लागि आवश्यक पहलहरु गर्ने र समग्र वेलका नगरपालिका बासीलाई सुखी र समृद्ध बनाउने ढङ्गबाट हामी दृढताका साथ अगाडी बढ्ने जमर्को गर्दै उक्त कार्यक्रमलाई समेट्ने गरी प्रस्तुत नगर विकास योजना पुस्तिका प्रकाशन गर्न लागिएको छ ।

**अन्तमा,** नगरपालिका समग्र उत्पादन वृद्धीका लागि भौतिक पूर्वाधार, सामाजिक विकासका क्रियाकलापमा पनि उत्तिकै ध्यान दिनु पर्दछ र हरेक क्रियाकलापमा पारदर्शिता स्वच्छता कायम गर्न आवश्यक रहेको देखिन्छ । त्यसैले त्यस दिशा तर्फ हामी सबै लाग्न जरुरी देखिन्छ । समुन्नत र समृद्ध वेलका र सुखी र खुसी बेलकाबासी बनाउने पक्षमा आगामी आ.व.का योजनाहरु कोशेढुङ्गा सावित हुनेछ, भन्ने कुरामा विश्वस्त हुँदै यो पुस्तिका प्रकाशनमा सहयोग पुऱ्याउने सबैलाई विशेष धन्यवाद दिँदै सफल योजना कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्न चाहन्छु ।

**३० असार, २०७८**

.......................................
राजकुमारी चौधरी
नगर उपप्रमुख
वेलका नगरपालिकाको कार्यालय, रामपुर उदयपुर

# प्र.प्र.अ. को भनाई



उदयपुर जिल्लाको पूर्वी सिमानामा अवस्थित बेलका नगरपालिका २०७३ सालमा स्थापना भएको हो । ९ वटा वडा पहाड, तराईको संयोजन भएको करिब ५५००० जनसंख्या भएको यस नगरपालिकाको करिब आधा जसो क्षेत्र पहाडी भु-भाग र आधा जसो क्षेत्र समतल भू-भाग रहेको हुँदा भौगोलिक विविधता सँगै आर्थिक, सामाजिक क्षेत्रमा पनि विविधता छ र यस नगरपालिकाको सम्भावना पनि वृहत रुपमा रहेको छ । नगरको आधा आधा भाग हुने गरी पूर्व पश्चिममा निर्माण भएको मदन भण्डारी लोकमार्गले द्रुततर रुपमा यस नगरको सम्भावनालाई बढाएको छ। पूर्वका ठूला सहरहरुलाई यो सडकले नगरपालिकाको दूरी घटाएको छ। आ.व.२०७४/०७५ सालमा बेलका नगरपालिकाले भौतिक पूर्वाधारको क्षेत्रमा बढी जोड दिएको थियो । भने आ.व.२०७५/०७६ साललाई आर्थिक क्षेत्रमा बढी लगानी गरी उत्पादनको आधार वर्षको रुपमा लिइएको थियो । उत्पादन बृद्धि गर्नका लागि मूलत आर्थिक क्षेत्र कृषि, पशु, पर्यटन र उद्यमशीलतालाई बढी प्राथमिकता दिएको थियो । आ.व.२०७६/०७७ सालमा उत्पादनलाई निरन्तरता दिईएको थियो उक्त आ.व. मा प्रथम बर्ष हरियाली बेलका २०७६ को रुपमा लिने गरी नीति, कार्यक्रम र प्राथमिकता यकिन गरिएको थियो साथै यस न.पा.ले आ.व.२०७६/०७७ सालबाट ५ वर्षे आवधिक नगर विकास योजना तयार गरी कार्यान्वयन भई रहेको छ । आ.व.२०७७/०७८ साललाई कृषि र शिक्षालाई लक्षित गरि बजेट विनियोजन गरि कायान्वयन गरिएको थियो भने यस आ.व. २०७८/०७९ मा उत्पादनलाई निरन्तरता दिदै भौतिक पूर्वाधारका विगतमा शुरु गरिएका योजनालाई निरन्तरता गर्दै आवश्यक पूर्वाधारमा जोड दिने बजेत प्रस्तुत गरिएको छ । बजेट, नीति तथा कार्यक्रम तय गर्न तोकिएको निर्देशिका बमोजिम नै हुने गरी बजेट, नीति तथा कार्यक्रम तय गरिएको छ ।

नयाँ नगरपालिका भएकोले यस नगरको शहरी ब्यवस्थापनमा जोड दिन सक्दा ब्यबस्थित शहर बनाउन सकिन्छ । त्यसका लागि सबै राजनैतिक दल, जनप्रतिनिधी, स्थानीयबासी र कर्मचारीले ध्यान दिन सक्नु पर्छ विकास प्रक्रियामा सहभागी हुने कर्मचारीहरु, जनप्रतिनिधीहरु, उपभोक्ता समितिका पदाधिकारीहरुको इमान्दारिता, विवेकशिलता र सक्रियताले नै यस नगरको मुहार फेर्ने विषयमा विश्वस्त छु र यसमा सबैको सरोकार र प्रतिबद्धताको आवश्यकता रहेको ठान्दछु । ५ वर्षका लागि तय गरिएको लक्ष्य, उद्देश्यलाई यस वार्षिक योजनाले सहयोग पुग्न सकोस तथा बेलकाबासी समृद्ध हुनमा यो बजेट तथा कार्यक्रम सफल हुन सकोस भनि हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

अन्तमा यो पुस्तक बेलकाबासी र अन्य बेलकाको हितमा चासो राख्ने सबैका लागि उपयोगी हुन सकोस शुभेच्छा राख्दछु । यसमा समेटिएको बजेट, नीति तथा कार्यक्रमले समग्र बेलकाको समृद्धिमा महत्वपूर्ण योगदान हुनेछ भन्ने अपेक्षा राख्दै यो बजेट, नीति तथा कार्यक्रम तयार गर्न लाग्नु हुने सबै जनप्रतिनिधीहरु, राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधीहरु, स्थानीय बासीहरु, टोल विकास संस्थाका प्रतिनिधीज्यूहरु र कर्मचारी साथीहरुमा धन्यबादसहित हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

.............................................

अर्जुन निरौला
प्रमुख प्रशासकीय अधिकृत
वेलका नगरपालिकाको कार्यालय, रामपुर उदयपुर